~~२८८७~~
~~२५२४~~

# द्वादश तीर्थ अष्टमी व्रत लुमन्ति पो

## द्वादश तीर्थ अष्टमी व्रत लुमन्ति पो

अमोघपास लोकेश्वर मण्डल

प्रकाशकः
द्वादश तीर्थ उपोषध अष्टमी व्रत तदर्थ समिति, गोंगबु
ने.सं. ११२८/वि.सं. २०६५/बु.सं. २५५२/ई.सं. २००८

# म्हय्पि मन्दिरको ऐतिहासिक तथा सांस्कृतिक एक परिचय

*विकासरत्न वज्राचार्य*
मूल पुरोहित
श्री योगाम्बर ज्ञानेश्वरी म्हय्पि अजिमा, म्हय्पि

## परिचयः

काठमाडौ. जिल्ला का.म.न.पा. वडा नं. १६ मा अवस्थित (म्ह्य्पि अजिमा) पौराणिक मन्दिरमा श्री योगाम्बर ज्ञानेश्वरी विराजमान हुनुभएको पावन पवित्र पुण्यभूमि म्ह्य्पि मन्दिर वि.सं. २०२२ को नापी अनुसार कि.नं. २७ को क्षेत्रफल २९-९-२-० मा फैलिएको भएपनि हालै मात्र आस्था नामक संस्थाले गरेको सर्वेक्षण अनुसार क्षेत्रफल २.४९ हेक्टर जग्गा ओगटेको पवित्र धार्मिक वनको ऐतिहासिक पृष्ठभूमि निम्न बमोजिम रहिआएको पाइन्छ।

परापूर्वकालमा जम्बूद्विपको "आर्यावर्त पुण्यभूमि नेपाल"को हालको उपत्यकामा नागदह अर्थात् कालिदह नामबाट प्रसिद्ध ठूलो पोखरी रहेको समयमा विपश्विबुद्ध, शिखिबुद्ध, क्रकुच्छन्दबुद्ध, काश्यपबुद्ध तथागतहरूको आगमन देखि नै प्रख्यात हुँदै आइरहेको छ। यस पुण्यतीर्थस्थल "रत्नपीठ" नामबाट प्रसिद्ध थियो भने यस रत्नपीठको नाम म्हसःपीठ अर्थात् म्ह्य्पि नामांकरण कसरी र कहिले रहन गयो यही नै यस स्थानको मुख्य जान्नु पर्ने ऐतिहासिक विषय हुन आएको छ।

श्री योगाम्बर ज्ञानेश्वरी विराजमान हुनु भएको पुण्यतीर्थस्थललाई लिच्छविकालका राजा मानदेवको ई.स. ४७७ (वि.सं. ५३४)को शिलालेखमा यस क्षेत्रलाई "म्हःस्प्रङ्ग ग्राम प्रदेश" भनेर उल्लेख भएबाट आजभन्दा १५३१ वर्ष पूर्व नै यो क्षेत्र निकै प्रख्यात भैसकेको थाहा पाइन्छ। "म्हः" शब्द नेवारी भाषामा शरीरलाई जनाउँछ भने "म्हसःपीठ" अर्थात् अहिले म्ह्य्पि भनि सम्बोधन गरी आएको यस म्ह्य्पि पीठसँग श्री शान्तिकर आचार्य तथा श्री आर्यावलोकितेश्वर पाटनको रातो मच्छिन्द्रनाथको इतिहास जोडिन आएको छ।

## म्हय्पिको उत्पत्तिः

यस रत्नपीठ अर्थात् म्हसःपीठ (म्ह्य्पि) सँग शान्तिकर आचार्यको इतिहास जोडिन आएको हुनाले शान्तिकर आचार्यको थिए ? कहाँबाट आए ? यस म्ह्य्पिसँग उनको कसरी सम्बन्ध जोडिन पुग्यो ? भन्ने जिज्ञासा जान्नलाई शान्तिकर आचार्यको बारेमा थाहा पाउनु उपयुक्त हुन्छ।

सत्य युगमा नेपाल उपत्यकामा पर्ने यो भूमिमा नागदह अर्थात् कालिदह भनिने ठूलो पोखरी रहेको अवस्थामा महाचीनको पंचशीर्ष पर्वतबाट मञ्जुश्री वोधिसत्व, स्वयम्भू, ज्योतिरूप दर्शन गर्न आउनु हुँदा उहाँले यस दहको पानी सुकाइ सत्व प्राणीहरूले श्री स्वयम्भू ज्योतिरूपको दर्शन गर्न सक्ने गरी दक्षिण तर्फ रहेको हालको चोभार डाँडालाई छेदन गरी नागदहको पानी सुकाएर मानव वस्न योग्य भूमि बनाएर गोश्रृंग पर्वत माथि श्री स्वयम्भू ज्योति स्वरूपलाई सुरक्षित गरी राखिदिनु भयो। त्यसपछि श्री काश्यप तथागतको पर्यायमा श्री काश्यप बुद्धद्वारा वाराणसी शहरको सँगै रहेको मृगदानव भन्ने वगैंचामा बसी आफ्नो सम्पूर्ण संघ सहित श्री स्वयम्भू धर्मधातु ज्योतिरूप उत्पत्ति भएको सत्यकथा भनिरहेको वेला गौड देशका राजा प्रचण्डदेवले पनि त्यो सत्यकथा सुनिरहेका थिए। उक्त दिन त्यो कथा सुनेपछि श्री स्वयम्भू धर्मधातु ज्योतिरूप दर्शन गरी द्वादशतीर्थ र अष्टबैतराग तीर्थव्रत गर्ने मनसायले आएपछि आफ्नो छोरा शक्तिदेवलाई राज्यभार सुम्पेर छोराको राज्याभिषेक गरी राजा प्रचण्डदेव ज्योतिरूप दर्शन गर्न नेपाल आएका थिए।

उनी नेपाल आएर श्री स्वयम्भू ज्योतिरूपको दर्शन गरी द्वादश तीर्थ र अष्टबैतराग तीर्थव्रतपछि आफ्नो देश नफर्कने निर्णय गरे। त्यसपछि उनी श्री स्वयम्भू ज्योतिरूपको सेवा गरी वस्न थालेका थिए भन्ने कुरा स्वयम्भूपूर ाणवाट थाहा पाइन्छ।

राजा प्रचण्डदेवको यस पुण्य क्षेत्रमा "प्रबज्यासम्वर" ग्रहण गरी बस्ने ठूलो इच्छा भएको हुँदा वज्राचार्य गुरु गुणाकर कहाँ पुगे। उनले गुणाकरलाई आफ्ना कुराहरू सवै बताए। त्यसपछि गुणाकरले राजा प्रचण्डदेवलाई योग्य व्यक्ति ठानेर प्रवर्जित गरी दिनु भयो। प्रवर्जित पछि गुरुले राजा प्रचण्डदेवको नाम शान्तश्री भिक्षु नामांकरण गरिदिनु

भयो । शान्तश्री भिक्षु आफ्नो शील, समाधि र प्रज्ञाको वलले अमरत्व प्राप्त गर्नु भई महापण्डित भिक्षु शान्तश्री नामले प्रख्यात हुनु भयो ।

प्रवर्जित पछि एकदिन ध्यानमा बसिरहँदा उहाँलाई भविष्यको तर्कना आउन थाल्यो । कालान्तरमा गएर यो श्री शोभायमान भइरहने श्री स्वयम्भू ज्योति स्वरूप कुनै कारणले चोरी तथा विनास हुन सक्तछ, त्यसैले श्री स्वयम्भू ज्योतिरूपलाई गोप्य रुपले ठूलो ढुङ्गाले छोपेर त्यसको माथि ईंटाले चैत्य बनाई दिने मनसाय लिएर आफ्ना गुरु गुणाकर कहाँ अनुमति माग्न जानुभयो । गुरु गुणाकरले आफ्नो चेला शान्तश्री भिक्षुलाई विचार गरेको कुरा ठिक भएको तर सबै कार्य गर्नलाई श्रावक प्रत्येक यानको अभिलाषा त्यागेर वज्राभिषेक लिएर वज्रयानको व्रत गर्न निर्देशन दिनु भयो । यस कार्यमा धेरै मारहरू आउने भएको हुँदा श्री योगाम्वर ज्ञानेश्वरीको आराधना गर्न आफ्ना चेला शान्तश्री भिक्षुलाई आज्ञा गर्नुभयो । त्यसपछि शान्तश्री भिक्षुले आफ्ना गुरु गुणाकरलाई प्रार्थना गर्दै "हे सत्गुरु तपाईंले मलाई श्री स्वयम्भू ज्योतिरूप सुरक्षा गरी राख्नका लागि वज्राचार्य अभिषेक प्रदान गरी दिनु" भनि प्रार्थना गरेपछि आफ्नो चेलाको आग्रहलाई स्वीकार गरेर गुरु गुणाकरले शान्तश्री भिक्षुलाई वज्राचार्य अभिषेक प्रदान गरी दिनुभयो । त्यसपछि शान्तश्री भिक्षुको नाम शान्तिकर आचार्य हुन गयो । आफूले वज्राचार्य अभिषेक प्राप्त गरिसकेपछि योगाम्वर ज्ञानेश्वरीको योग समाधि ध्यान गरी महासिद्धि लाभ प्राप्त गरी महासम्भरत्व प्राप्त गरेका थिए ।

गुरुको आज्ञा अनुसार शान्तश्रीले योगाम्वर ज्ञानेश्वरीको आराधना गरी ज्योतिरूप धर्मधातुलाई ठूलो ढुङ्गाले छोपेर त्यसमाथि धर्मधातु चैत्य बनाई प्रठिस्थाकर्म सम्पन्न गरी दिए । यस कार्यवाट आफू सन्तुष्ट भएर आफ्नो दैनिक चर्यामा श्री योगाम्बर ज्ञानेश्वरीको नित्य पूजा गर्ने उनको नित्य कार्य नै भइरह्यो । आफ्नो दैनिक कार्यपछि आफू स्वयम्भूस्थित शान्तिपुरमा नै बस्न थाले ।

यसैक्रममा एकदिन दैनिक नित्य पूजा गर्न रत्नपीठ पुग्नुभएका श्री शान्तिकर आचार्यसँग दैवसंयोग आफ्नो छोरा पनि सँगसँगै आइरहेको उहाँलाई पत्तै भएन । त्यसदिन नित्य पूजा सम्पन्न भयो । पूजापछि श्री योगाम्वर ज्ञानेश्वरी प्रशन्न भइ शान्तिकर आचार्यलाई आज्ञा भयो- "हे शान्तिकर ! तिमी धन्य रहेछौ ! तिम्रो त्याग, तपस्या अनि तिमीले दैनिक गरी आएको नित्यपूजादेखि म प्रशन्न भएँ । तिमीले अव सत्वप्राणीहरूको लागि कल्याण हुने कार्य गर्नेछौ । त्यसैले तिमीले सत्व प्राणी उद्धार गर्न तिमीसँग रहेको तिम्रो प्रिय एक चिज दिन सक्छौ ? यदि सक्छौ भने मलाई बचन देऊ?" भनेर बाचा बाँध्न लगाउँदा आफूसँग भएको जे पनि दिने बाचा गरेका थिए शान्तकर आचार्यले ।

त्यसपछि शान्तिकर आचार्यको बाचाअनुसार श्री योगाम्बर ज्ञानेश्वरीवाट सत्व प्राणी हितकार्यको लागि आफ्नो पछाडि उभिएर बसिरहेको बोधिसत्व बालक आफूलाई चढाउन भन्दा शान्तिकर आचार्यले वालकलाई अगाडि तानी हेर्दा उक्त बालक आफ्नै एक्लो छोरा भएको पाए । शान्तिकर आचार्यले आफ्नो ठूलो अहो भाग्य रहेछ भन्ने ठानी किञ्चित पनि मोह नगरी वाचा अनुसार आफ्नो छोरालाई योगाम्वर ज्ञानेश्वरीको चरणकमलमा अर्पण गरिदिए । वोधिसत्व बालकलाई ग्रहण गरी सकेपछि योगाम्वर ज्ञानेश्वरीले उक्त बालकको नरचोलालाई त्याग गरी सत्व प्राणी उद्धार गर्न कामरु कामक्ष देश (अहिलेको गुहाटी) मा गएर यक्षराज शशि र रानी मायाको कोखवाट ५५५ औं छोरा भएर जन्म लिन आदेश दिए । त्यहाँ गएर यक्षहरूलाई बिहान रोपेर वेलुकी अन्न खुवाऊन र यक्षहरूलाई उद्धार गर्न भनेर पठाइ सकेपछि उक्त बालकको दिव्य शरीरमाथि योगाम्वर ज्ञानेश्वरी बिराजमान हुनु भयो । त्यसपछि शान्तिकर आचार्यले फेरि आफ्नो छोराको दर्शन कहिले पाउन सक्ने भनेर सोद्धा श्री योगाम्वरले केही समयपछि उनको छोरालाई नेपाल ल्याउने कार्य उनीलाई नै गराउने कुरा बताउँदै उनको छोरा आर्यावलोकितेश्वर (करुणामय) भनेर चिनिने वताउन भएपछि श्री योगाम्बर ज्ञानेश्वरी अन्तरध्यान हुनुभयो । त्यसै समयदेखि नै रत्नपीठलाई म्हःस पीठ (म्हय्पि) र यो क्षेत्रलाई म्हःस्प्रङ्ग ग्राम प्रदेश भनी सम्बोधन गरी आएको कुरा प्रष्ट हुन आउँछ ।

## म्हय्पिको महत्त्वः

नेपालको पौराणिक इतिहासमा स्वयम्भू पुराणदेखि लिएर योगाम्बर तन्त्र र अरु विभिन्न बौद्धतन्त्रहरूमा समेत उल्लेख भएअनुसार श्री योगाम्बर ज्ञानेश्वरी गुह्य तान्त्रिक देवताहरूमा अग्रस्थानमा मानिआएको हामीले पाउन सक्छौं । यसैगरी वज्रयानी पूजाविधि अन्तर्गत गाइने चर्या गीतमा समेत "नमामि नमामि जिन वर योगाम्वर" अर्थात् वुद्धयोगाम्बर भनेर चर्या गीतहरू गाउने चलन हेर्दा बौद्धिक क्षेत्रमा अति उच्च तथा पवित्र स्थान मानिआएको हामीले पाउँछौं भने पीठहरूमध्ये पनि मुख्य पीठ अर्थात् मूल पीठ मानिआएको समेत पाइन्छ ।

श्री करुणामयको पूर्वजन्मको दिव्य शरीर अर्थात् शान्तिकर आचार्यको छोरा बोधिसत्व बालकको दिव्य शरीर यस पवित्र पावन पुण्यभूमिमा रहेको हुनाले श्री आर्यावलोकितेश्वर अर्थात् पाटनको रातो मच्छिन्द्रनाथको मूर्ति बनाउन र मर्मत संहार गर्नलाई आवश्यक पर्ने माटो १२ वर्षको एकचोटि तान्त्रिक आचार्य गुरु तथा पान्जुहरूद्वारा विधिवत पूजागरी राजकीय सम्मानका साथ माटोलाई ठूलो बाजा गाजा सहित भव्य जात्रा गरी लाने चलन अद्यपि छँदैछ। यसप्रकार अन्तिम पटक माटो लाने कार्य २०५४ साल चैत्र १२ गते सम्पन्न भएको थियो। इसाको सातौं शताब्दीका राजा नरेन्द्र देवको राज्यकालदेखि हालसम्ममा १०४ पटक माटो लगिसकेको देखिन आएको छ। नेपालका प्रख्यात बुद्ध बोधिसत्वहरूको मूर्ति मर्मत गर्नु परेमा र नेपालभित्र रहेका सम्पूर्ण गुह्य तान्त्रिक देवताहरूको मूर्ति बनाउनु परेमा वा मर्मत सम्भार गर्ने कार्यको लागि यसै मन्दिरमा आएर विधिवत पूजा गरी माटो लाने चलन आजसम्म पनि यथावत कायमै रहिआएको देखिन्छ।

एउटा किम्वदन्ती अनुसार एक पटक कनफट्टा योगी गोरखनाथ आफ्नो गुरु खोज्दै म्ह्यपिमा आएका थिए। गोरखनाथले श्री योगाम्बर ज्ञानेश्वरीसँग राजतिलक लिएर राज्य चलाउन भनी जाँदा सिद्धि बिनायक (हालको सोह्रखुट्टे) छेऊको गणेशस्थान नजिक एक भट्टी पसलमा गएर मद्यपान गर्न बसेका थिए। आफ्नो गुरु भेट गर्छु भनेर आएका गोरखनाथलाई तत्कालीन समयमा सुव्यवस्थित शासन व्यवस्था नभएकाले श्री योगम्बरद्वारा गोरखनाथलाई "तिम्रो गुरु मच्छिन्द्रनाथ नआएसम्म तिमीले राज्य चलाई बस्नु" भन्ने आज्ञा भएबाट उक्त आज्ञालाई स्वीकार गरेर दक्षिणतर्फ बाटो हुदै जादाँ हालको सल्लाघारी डाँडामा त्यसबेला मानन्धरहरूको बस्ती तथा व्यवस्थित तरिकाले खाने पिउने पसललाई सञ्चालन गरिआएको देखिन आएको र उक्त पसललाई भट्टि पसल भन्ने चलन समेत थियो। उक्त भट्टि पसलमध्येको एक पसलमा गएर योगी गोरखनाथले अलख अलख भन्दै भिक्षा मागी रहँदा उक्त पसलको साहुनी बाहिर आएर योगीलाई यहाँ त खाने कुराहरू सकिएको छ पिउने कुरा मात्र भएको बताएपछि साहुनीले के खाने भन्दा जे दिए पनि खाने बताए पछि पिउन दिने बताइन। तब इच्छापूर्ण हुने गरी पिउने धारणा व्यक्त गरेपछि साहुनीले दिने कबुल गरेकी थिइन्।

गोरखनाथ भित्र गएपछि साहुनीलाई मनमा निकै खुलदुली लाग्न थालेपछि थालीमा पूजा राखी नजिक रहेको सिद्धिगणेशस्थान गएर गणेशको पूजा गरी गणेशसँग साहुनीले आफ्नो पसलमा आएर बसेको व्यक्तिलाई पेट भरी पिउन दिन सकुँ भनेर प्रार्थना गरिन्। आफ्नो भक्तको पुकारलाई विचार गरी हेर्दा माथि पसलमा योगी गोरखनाथ आएर बसेको रहेछ भन्ने कुरा सिद्धि गणेशले थाहा पाए। तब गोरखनाथलाई सन्तुष्ट हुने गरी पिउन दिन अरु कसैले पनि सक्दैन भन्ने थाहा पाएपछि आफूले आशन गरी बसेका नव नागराजाहरूलाई जल प्राप्तीको निमित्त पूजाको थालीमा राखी दिए। पूजाको समयमा मूर्तिबाट फूल झरेर आएको देखि साहुनी प्रशन्न भएर आफ्नो घर तर्फ लागे। आफ्नो पसलमा बसिरहेका योगीलाई साहुनीले 'तपाईको इच्छापूर्ण हुने गरी पिउनु होस्' भनेर कोठाभित्र रहेको घ्याम्पोवाट मद्यपान दिदै जानुभयो। साहुनीसँग कुराकानी गर्दै पिउँदै गर्दा रात बितेको चालैपाउनु भएन। भोलिपल्ट सूर्य उदाएको देखिएपछि गोरखनाथले ल ल भयो मलाई सन्तुष्ट हुने गरी ख्वाएछौं म तिमीलाई वरदान दिन चाहछु। भन के माग्छौं भन्दा- साहुनी आत्तिएर "मेरो यो पेशा सँधै चलिरहोस्" भनेर मागेपछि गोरखनाथले तथास्तु भनेर जान लाग्दा योगीको मनमा शंका लागेर" खै खै तिमीले मलाई कुन भाँडोबाट झिकिल्याएको देखाउत" भन्दा साहुनीलेभित्र लगेर देखाउँदा गोरखनाथले बिर्को उघारेर हेर्दा नव नागहरू खेली रहेको देखेपछि गोरखनाथले उक्त नवनागरहरूलाई एक एक गरी समाउँदै आफ्नो झोला भित्र राखी आफ्नो गन्तव्य तर्फ लागे।

त्यस्तै भाषा वंशावली अनुसार आफूलाई अपमान गरेको भनेर गोरखनाथले नव नागलाई आशन बनाई पशुपति मृगस्थलीमा समाधीमा बसेकाले नेपालमा अनावृष्टि हुन गएको थियो र पछि मच्छिन्द्रनाथको आगमन पश्चात गुरुको दर्शनार्थगोरखनाथ उठ्दा नागहरू मुक्त भई वर्षा हुन गएको थियो।

राजा नरेन्द्र देवको राज्यकालमा नेपालमा १२ वर्षसम्म खडेरी र मच्छिन्द्रनाथको नेपाल आगमन जस्तो अत्यन्त महत्वपूर्ण घटनाहरू घटेका थिए। सबै यही पवित्र स्थल म्हसःपीठबाटै प्रारम्भ भएको कुराहरू सबै पाटनको रातो मच्छिन्द्रनाथको जात्रा समेत प्रचलित भएको कुरा वंशावलीहरू, स्वयम्भूपुराण र श्री योगाम्बर तन्त्रहरूबाट समेत थाहा पाइन्छ। यस पवित्र भूमिमा योग साधना र ध्यान भावनामा ठूलो सिद्धि पाउने हुँदा यहाँ ठूला ठूला योगिराज तथा ध्यानाचार्यहरूले योगध्यान साधना गरेको सुन्न पाइन्छ। यसै क्रममा यहाँ तान्त्रिक साधनामा पनि ठूलो सिद्धि लाभ प्राप्त हुने स्थान भएको हुनाले समय-समयमा यहाँ तान्त्रिक गुरु वज्राचार्यहरूद्वारा विशेष प्रकारका साधना पूजाहरू हुँदै आएको पनि विर्सन सकिदैन।

तान्त्रिक साधनामा सुविद्या होस् या कुविद्या जेभएपनि आफ्नो विद्याको पूर्ण सफलताको लागि यस म्य्यपि पीठमा आएर आफूले सिकेको तान्त्रिक विद्याको प्रयोगात्मक परीक्षा गर्न तान्त्रिकहरू र वोक्सावोक्सीहरू समेत आउने गरेका धेरै प्रत्यक्षदर्शीहरूको भनाई छ।

३-४ दशक अगाडिसम्म पनि यस स्थानमा श्रावण कृष्ण चतुर्दशी अर्थात् घण्टाकर्ण चतुर्दशी (गठामुगः चह्रे) का दिन आफूहरूले सिकीआएको कुविद्या (जसलाई वोक्सी विद्या भन्ने गरिन्छ) को पूर्ण सफलताको लागि वर्षको एकचोटि गठामुगको राती प्रयोगात्मक परीक्षा गर्न आउनेहरूको यस मन्दिर हातामित्र भिड हुने गर्दथ्यो भन्ने गरिन्छ। त्यस प्रकारको विशेष पूजा वोक्सीहरूको प्रयोगात्मक परिक्षा गरिरहेको हेर्नलाई आ-आफ्नो रक्षार्थ वोक्सीहरूले केही गर्न नसक्ने गरी तारन राखी निश्चित ठाउँमा लुकेर हेर्ने गरेको पनि सुन्न पाइन्छ। समय परिस्थितिले होला केही दशक यता यस प्रकारको कुविद्याको प्रयोगात्मक पूजा गर्नेहरूको संख्या धेरै न्यून भएर गएको हामी पाउँछौं।

जेभएपनि सत्ययुगमा श्री शान्तिकर आचार्यद्वारा थालिएको श्री योगाम्वर ज्ञानेश्वरीको नित्यपूजा पछि कालान्तरमा गएर यस मन्दिरको मूल पुरोहित काठमाडौं भ्वावहाल निवासी श्री हर्षरत्न वज्राचार्यको कान्छो छोरा स्व. पं. देवरत्न वज्राचार्यवाट वि.सं. १९९७ सालको जुगादि नवमीका दिनदेखि शुभारम्भ गर्दै आएको नित्यपूजा आजसम्म पनि निरन्तर संचालन भैरहेको पाइन्छ। यसप्रकारको पवित्र पूजाको निमित्त नेपाल सरकार तथा कुनै संघसंस्थाबाट गुठीको व्यवस्था नभएको भए पनि स्व. पं. देवरत्न वज्राचार्यका छोराहरू दुर्वारत्न वज्राचार्य, भुवनरत्न वज्राचार्य र विकासरत्न वज्राचार्यहरूवाट हालसम्म आफ्नै तर्फवाट दैनिक नित्य पूजा संचालन गरिएको छ भने पनि निरन्तरताका निमित्त दीर्घकालीन सोच राख्न जरुरी भैसकेको देखिन्छ।

## म्हय्पिको गुठी र खट जात्राः

श्री योगाम्बर ज्ञानेश्वरी (म्येपि अजिमा) को वार्षिक खट जात्रा चैत्र शुक्ल चतुर्दशीका दिन शुरु भई वैशाख कृष्ण चौथीसम्म जात्रा पूजाहरू भैरहने परम्परा छ। चतुर्दशीका दिन वेलुका तँलाछि म्य्पिछ्रँय्वाट सुनको जलप लगाइएको तामाको मूर्ति राखेको खट जात्रा गरी म्य्पिमा लगी मन्दिरभित्र राखिन्छ र भोलिपल्ट चैत्र शुक्ल पूर्णिमा (ल्हुति पुन्हि) का दिन दिनभरी मन्दिर भित्र राखी विभिन्न गुठी तथा जात्रा गुठीको पूजाहरू सकेपछि वेलुका मन्दिरवाट तँलाछि द्य छ्रँय्तर्फ लाने चलन छ। यसप्रकारका जात्रा संचालन गर्न अन्दाजी ३०० वर्ष पहिले वासुदेव भन्ने दाताले संचालन गरी आएको म्य्येपि जात्रा गुठी सम्वन्धी कागजपत्रहरूवाट देखिन आउँछ। यस म्य्येपी जात्रा गुठी करिव ३०० वर्ष अघिदेखि संचालन भइआएको पाउँछौं। यो जात्रा संचालनमा मूल पुरोहित रत्नकेतु महाविहार भ्वाःवहालको गुरु स्व. हर्षरत्न वज्राचार्यको छोरा देवरत्न वज्राचार्य र मूल गुठियारहरूमा ठँहिटी निवासी हरिदास श्रेष्ठका छोराहरूमा दर्शनदाश श्रेष्ठ र राधाकृष्ण श्रेष्ठहरूका प्रमुख हात रहेको छ र हालसम्म पनि उहाँहरूको परिवारजनवाटै संचालन भइआएको छ। मूल पुरोहित स्व. पं. देवरत्न वज्राचार्य १९९७ सालदेखि नित्य पूजा शुभारम्भ गर्नु भएको थियो भने २०१८ सालदेखि यसै मन्दिर परिसरमा आफ्नै निजी खर्चवाट आश्रम वनाई नित्य पूजारीले नित्य पूजा संचालन गरिएको पाइन्छ।

श्री योगाम्वर ज्ञानेश्वरीको मूल पीठ म्हःस पीठ म्य्पिमा तत्कालीन दाता वासुदेवले म्य्पिको नित्यपूजा गर्न र जात्रा चलाउन जमीन राखेर गुठी स्थापना गरी आफूहरूका सम्पूर्ण परिवारहरू सहित श्री योगाम्वर ज्ञानेश्वरीको परम भक्त भई आफूहरूले अरु कार्यहरू गर्न नहुने भनी नियमहरू समेत वनाई आफूहरूलाई "म्हय्पि क्व" भनी जनाइएको पाइन्छ।

वासुदेव दत्त गुठी संचालन गर्न का.ई. ठँहिटी निवासी हरिदास श्रेष्ठका छोरा दर्शन दास श्रेष्ठ र का.इ ढल्को निवासी राधाकृष्ण श्रेष्ठका परिवारजनहरूको पूर्ण सक्रियतामा काठमाडौंको, त्यौड तँलाछि टोलभित्र म्हय्पि चूक भनिने स्थानमा राधाकृष्ण श्रेष्ठका परिवारजनहरू वसोवास गरी आएको स्थानमा श्री योगाम्वर ज्ञानेश्वरी म्हय्पि अजिमाको जात्रा संचालन गर्न आवश्यक पर्ने द्यःछ्रँ (देउता घर) को निर्माण गरिएको छ। सोही घरमा पूजाकोठा र देउता कोठाहरू समेत राखी घरको मूल ढोकामा काठको तोरण लगाई ठूलो ढलोटको घण्टा र दुङ्गाको सानो सिंहहरू समेत बनाई जात्राको लागि तामाको अर्धकदको मूर्ति बनाई चैत्र शुक्ल चतुर्दशीको दिन उक्त द्यःछ्रँवाट म्हय्पिमा लान ठूलो ढकीमा राखी बाजाहरू सहित जात्रा गरी लाने चलन थियो। उक्त ढकीमा राखी जात्रा गर्ने परम्परालाई समय सापेक्ष हुने गरी ठँहिटी निवासी यसै गुठीका गुठियार श्री मथुरादास श्रेष्ठले जात्रा गर्ने मूर्ति राख्न हुने गरी काठको खटमा तामाले मोडी दुई तल्लाको खट राखिदिएपछि खटमा राखी जात्रा गर्ने परम्परा शुरु भएको जात्रा हालसम्म पनि संचालन भई आएको पाइन्छ।

विभिन्न स्थानमा श्री योगाम्बर ज्ञानेश्वरीको पीठ तथा मन्दिरहरू स्थापना गरिएको पाउँछौं। भारतको आसाम जिल्लामा अवस्थित कामरु कामक्षको पीठदेखि लिएर काठमाडौं उपत्यकाभित्र समेत दर्जनौं मन्दिरहरूमा कहीं पीठको रूपमा पाउँछौं भने कहीं आगमदेवताको रूपमा र कहीं कुलदेवताको रूपमा स्थापित हुँदै आइरहेको हामी पाउँछौं।

काठमाडौंको असन र इन्द्रचोकको उत्तर भेगको बासिन्दाहरूले श्री योगाम्बर ज्ञानेश्वरीलाई आफ्नो आगमदेवता, कुलदेवता वा इष्टदेवताको रूपमा पुज्दै आईरहेका छन् भने यस धार्मिक स्थलमा काठमाडौं उपत्यकाभित्र र बाहिरका श्रद्धालु भक्तजनहरू दर्शन गर्न आउने तथा विवाह ब्रतवन्ध जस्तो शुभकार्यहरू सम्पन्न गर्न पनि यहीं नै आउने गरिरहेको हामी पाउँछौं।

यसप्रकार सिङ्गो नेपालको इतिहास बोकेर बसेको अति पवित्र तीर्थस्थलमा हाल आएर देवी पूजाको नाममा अति अशोभनीय कार्य प्राणी हिंसा गर्ने परम्परा केही समय यता देखिन आएको हुँदा यस्ता कार्यहरू सबै यथाशिघ्र बन्द गर्नु पर्ने देखिन्छ। प्राणी हिंसा गर्नु नै धर्म हो भने पाप भनेको के हो ? यो एउटा वहसको विषय हुन सक्दछ।

हाम्रो देश नेपालमा चलिआएको धार्मिक सहिष्णुताको कारणं बौद्ध तथा हिन्दू धर्मावलम्बीहरू एक आपसमा समाहित भएर आएको पाइन्छ। तर धर्मको नाममा प्राणी हिंसा गर्ने परम्परा हिन्दू धर्ममा पनि देखिदैन। हिन्दू धर्ममा गरिने पञ्चबली पूजाको भावना आफूमा रहेको नराम्रो बानी जस्तै काम, क्रोध, लोभ, मोह, इर्ष्या जस्ता नराम्रा बानीलाई त्याग्नु पर्ने देखाइएको छ भने बौद्ध धर्ममा त प्राणी हिंसाको सवालै आउँदैन। यसप्रकार अबोध जीवजन्तुलाई काटमार गरिने कार्यलाई धर्मको संज्ञा दिई समाजमा हिंसाको प्रक्रिया अपनाइएको हुनाले बुद्धको जन्मभूमि नेपाल आज हिंसा तर्फ अग्रसर भएको देखिन्छ। त्यसैले यसप्रकारको हिंसा गरी गरिने कर्म पूजा यस मन्दिरबाट अविलम्ब हटाउन हामी सबै सचेत भएर लाग्नु पर्ने देखिन्छ।

हाल आएर यस म्हय्पि क्षेत्रको संरक्षण सम्बर्द्धन र सुधारहरू गर्नका निमित्त युवावर्गदेखि लिएर वृद्धहरू समेत सक्रिय भएर लागेको पाउँछौं भने विकासको नाममा विकृतिहरू ल्याउन नहुने पनि हामीले बिर्सिनु हुदैन। मन्दिरको भौतिक संरचनाहरू पुनः निर्माण गरी करोडौं खर्च गरी सुविधा सम्पन्न गरेर मात्र मन्दिरको संरक्षण हुने होइन। यस्तो कार्यको साथै म्हय्पि मन्दिरको सम्पूर्ण पक्षमा संरक्षण सम्बर्द्धन गर्नु आवश्यक छ।

## म्हय्पि मन्दिरको माटोको महत्व

राजा नरेन्द्र देवको राज्यकालमा भारतको कामरु कामाक्ष (गुहाटी)बाट श्री शान्तिकर आचार्यका प्रमुख शिष्य काठमाडौं टेबहाल निवासी आचार्य बन्धुदत्तले श्री योगाम्बर ज्ञानेश्वरीको शक्ति आराधना गरी मच्छिन्द्रनाथ अर्थात् श्री आर्यावलोकितेश्वर करुणामयको नेपाल आगमन पश्चात रातो मच्छेन्द्रनाथको रथ जात्रा शुरु भएपछि यस म्हय्पि पीठबाट श्री करुणामयको आवश्यक मर्मत सम्भार गर्न १२ वर्षको १ पटक तान्त्रिक आचार्य गुरुवर तथा पायजूहरूबाट तान्त्रिक विधि अनुसार पूजा गरी राजकीय सम्मानका साथ गुरुज्यूको पल्टन सहित समस्त पाटनवासीहरूबाट भव्य श्रद्धापूर्वक माटो लाने चलन अद्यपि छँदैछ।

महायान तथा बज्रयान बौद्ध धर्ममा षडक्षरी लोकेश्वर, आर्यावलोकितेश्वरहरूको अति उच्च स्थान रहेको छ। जस्तैः उपत्यकाभित्र ललितपुरमा रातो मच्छिन्द्रनाथको रथ जात्रा हुन्छ भने कीर्तिपुरको चोभार डाँडामा रहेको रातो मच्छिन्द्रनाथको रथलाई "सृष्टिकान्ता लोकेश्वर" पनि भन्ने गरिन्छ भने काठमाडौंको केलटोलस्थित मच्छिन्द्रबहालमा रहेको सेतो मच्छिन्द्रनाथलाई "अमोघपास लोकेश्वर" भनी सम्बोधन गरिन्छ। त्यस्तै समय समयमा काभ्रे जिल्लाको नाला प्रदेशमा रहेको सेतो मच्छिन्द्रनाथको मर्मत सम्भार गर्दा आवश्यक पर्ने माटो पाटनको रातो मच्छिन्द्रनाथको बहालमा ल्याएको माटो नै लगेर आवश्यक मर्मतसुधार गर्ने गरेको पाइन्छ। रातो मच्छिन्द्रनाथको जात्राको लागि हरेक १२ वर्षमा यस स्थानको माटो लानुको साथै अन्य महत्वपूर्ण धार्मिक कार्यका लागि लाने गरेको पनि देखिन्छ। केही महत्वपूर्ण स्थानहरूका लागि लाने गरिएको कुरा निम्न घटनाबाट पनि थाहा पाइन्छ।

१. हनुमानढोका दरबारभित्र रहेको विभिन्न तान्त्रिक देवदेवीहरूको स्थापना तथा मर्मत गर्न समय समयमा आएर यहाँबाट विधिवत माटो लाने गरिन्छ।

२. काठमाडौंको जमलस्थित जमः बहालभित्र रहेका मैत्रिय बोधिसत्वको मूर्ति बनाउन पनि यसै स्थानबाट माटो लगिएको थियो।

३. २०१९ साल चैत्र ७ गतेका दिन टेकूस्थित पचली मन्दिरमा रहेको नवदुर्गाको मूर्तिहरू बनाउन र जीर्ण उद्धार गर्न यहाँ आएर विधिवत पूजा गरी १८ भारी खर्पन बोकी लगिएको थियो ।

४. मिति २०२६ साल जेठ २५ गते काठमाडौंको ह्यूमत टोलस्थित बुद्धवारी विहारका अधिवद्धको मूर्ति मर्मत गर्न यस स्थानमा आई विधिवत माटो लगिएको थियो ।

५. मिति २०२९ साल माघ १९ गतेका दिन कीर्तिपुरमा रहेको प्रख्यात श्री भैरवको मन्दिर जिर्णोद्धार गर्न विधिवत पूजा गरी माटो लगिएको थियो ।

६. ललितपुर सुन्धारास्थित रहेको महाबौद्ध विहारको निर्माण गर्दा र १९९० सालको महाभूकम्पवाट क्षति हुँदा र २०३० सालमा पुनः निर्माण गर्दा समेत यस स्थानमा आएर विधिवत माटो लगिएको थियो ।

ललितपुरको खोकनास्थित रहेको शिकाली र अर्को हरिसिद्धि भैरव तथा अन्य देवताहरूको परम्परागत चलन अनुसार १२ वर्षमा १ चोटि यस म्हय्पि मन्दिरमा आएर तान्त्रिक विधि अनुसार पूजा गरी पूजामा विशेष प्रकारवाट मोहनी अर्थात् कालो टिका लिन सम्वन्धित् पूजा समूहको थकालीले विशेष प्रकारको नाच गरिरहेको समयमा उक्त समूहका अरु व्यक्तिहरूले थकालीलाई भूईंमा पाइला टेक्न नदिई समाती रहँदाखेरी उक्त मोहनी टिका निकालेर सम्पूर्ण समूहले पछाडि नफर्किकन लिएर जाने चलन छ ।

यसप्रकार पूजा गर्न आवश्यक विशेष प्रकारका सम्पूर्ण सामग्रीहरू यसै स्थानमा छाडेर जाने गरिन्छ भने उक्त पूजाको लागि आवश्यक सामग्रीहरूमा माटोका ठूलाठूला थापिंहरू र २ माना र सोभन्दा ठूलो पात्र पाँच वटा अथवा पात ख्वला पूजापछि प्रसाद ग्रहण गरी बाँकी सम्पूर्ण सामग्री सहित यहीं नै छोडी मोहनी मात्र लिएर जाने चलन छ ।

उक्त पूजासँग सम्वन्धित् व्यक्तिहरूको भनाई अनुसार उक्त मोहनी टिका लिएर गएपछि यस मन्दिरमा पूजा गरी यस कालो मोहनी टिका लगाई दिने चलन छ । उक्त मोहनी टिका लगाई दिएपछि गाउँका एकजना व्यक्ति हटाउने गर्दछ । उक्त मन्दिरको पूजा गर्न तान्त्रिक देवताहरूलाई दैनिक पूजा गर्दा वालिने धूप हराएको व्यक्तिको मासुवाट बनाएको विशेष प्रकारको धूप १२ वर्षसम्म पुऱ्याइन्छ । १२ वर्षपछि पुनः नयाँ मोहनी वनाउनु पर्छ । यसैगरी पहिला जस्तै म्हय्पिमा आएर मोहनी टिका लिएर जाने गर्दछ । वास्तवमा आजको युगमा यसलाई एउटा गंम्भिर विषयको रुपमा लिन सकिन्छ ।

यस मन्दिरको सम्बन्ध विशेष गरी योग, समाधि, ध्यानसँग भए जस्तै योग समाधिसँग सम्वन्धित् तान्त्रिक देवताहरूसँग पनि घनिष्ठ सम्बन्धहरू देखिन आउँछ । त्यसैले होला श्री योगाम्वर ज्ञानेश्वरीलाई तान्त्रिक देवता भनेर पनि सम्बोधन गर्ने गरिएको पाइन्छ ।

यसप्रकार यहाँबाट लगिने माटो म्हय्पि मन्दिरको पश्चिमतर्फ जंगलको मध्य भागमा रहेको कालो माटोको ठूलो भागको एक छेऊको भित्री भागमा विधिवत पूजा गरी पूजामा संलग्न रहेको मुख्य थकालीद्वारा सुनको चाँदीको कोदालोले माटो काटी लाने चलन अन्तिम पटकको माटो लाने कार्य २०५४/१२/१२ गते सम्पन्न हुँदासम्म पनि कायमै रहेको पाइयो ।

## म्हय्पि मन्दिर र अन्य महत्त्वपूर्ण ऐतिहासिक देवदेवीहरू तथा स्थानः

### क) खड्ग सिद्धि विनायक

म्हय्पिस्थित श्री योगाम्बर ज्ञानेश्वरीको मन्दिरको दक्षिणतर्फ दक्षिण नै फर्किएको सप्तभुज नाग माथि हिटिमङ्ग माथि ललितासनमा रहनु भएका चतुर भुज खड्ग, खट्वाङ्ग, बज्र सहितको डण्डा, पात्र, धारण गर्नु भएका श्री शोभायमान हुनु भएको गणेशलाई श्री खड्ग सिद्धि विनायक भनेको पाइन्छ । यसप्रकारको गणेश अन्यत्र कहिं पनि पाइदैन । यस गणेशसँग सम्बन्धित् केही ऐतिहासिक विषय कुराहरूमा उल्लेखित मध्ये यो पनि एक ऐतिहासिक विषय देखिन आएको छ ।

काठमाडौं उपत्यकाभित्र पुण्यतीर्थहरूमध्ये अष्ट वैटराज र द्वादशतीर्थहरूको संगम स्थल भएको हुनाले यहाँ नवनागदेखि लिएर सबै प्रकारका जलथलका प्राणीहरू पाउने अति रमणीय पुण्यभूमि थियो । समय समयमा हुने गरेको अतिवृष्टीको कारणं द्वादश तीर्थहरूमा अत्याधिक मात्रामा पानी वगेर जाँदा उपत्यकाभित्रको पानी सवै निस्केर जाने

मुख्यद्वारको रूपमा रहेको चोभार डाँडाको मुनि रहेको न्हसिकाप नाम गरेको स्थानलाई सत्ययुगमा श्री महामञ्जुश्रीले डाँडा छेदन गरिएको स्थान भनी चिनिने उक्त स्थानमा 'क्वेंला वसी' भनिने अति शक्तिशाली व्यक्तिले उपत्यकाको पानी जान रोक लगाई समय समयमा उपत्यकालाई पानीको डुबानमा पारिरहने गरेको रहेछ। उक्त क्वेंला वसीबाट दुःख पाई आएका जनसमुदायले भोगी आएको दुःखबाट मुक्त पाउन श्री योगाम्बर ज्ञानेश्वरीसँग प्रार्थना गरेका थिए। त्यस बेला श्री योगाम्बर ज्ञानेश्वरी प्रशन्न भएर भक्तजनको रक्षार्थ उपत्यकामा उपद्रव मच्चाउँदै आएको दुष्ट क्वेंला वसीलाई तह लगाउन शक्तिशाली गणपति खड्ग सिद्धि विनायकलाई खडा गरी खड्ग खट्वाङ्ग वज्र सहितको डण्डा र पात्र प्रदान गरेर पठाएपछि खड्ग सिद्धि विनायकले क्वेंला वसीलाई आफ्नो शक्तिले वशमा राखी सदाका लागि आउन नपाउने गरी सोही स्थानको रक्षार्थ बस्न लगाएका थिए। तत्पश्चात् योगाम्बर ज्ञानेश्वरी समक्ष फर्किए पछि श्री खड्ग सिद्धि विनायकलाई श्री योगाम्वर ज्ञानेश्वरीले आफूसँगै मन्दिरमा नै बस्ने व्यवस्था गरी दिएको हुँदा खड्ग सिद्धि विनायकलाई उपरोक्त दिशातर्फ नै फर्काइ स्थापना गरिएको भन्ने ऐतिहासिक तथ्य देखिन आएको छ। हालसम्म पनि उपत्यकाभित्र धेरै पानीले दुःख दिईराखेको बेला अतिवृष्टी भएर खोलानाला धेरै ठूलो भएर विनासतर्फ लागिएमा तत्काल श्री खड्गसिद्धि विनायकको पूजा गरिएमा उक्त प्रकोपहरू शान्ति हुने गरेको विश्वास गरिन्छ।

### प्राचीन म्हयपि मन्दिर

यस मन्दिरका दाता वासुदेवले लगभग ३०० वर्ष अघि गुठीको व्यवस्था गरी जात्रा संचालन गरेका थिए। पहिलाको म्हयपि मन्दिर योभन्दा निकै अग्लो र फराकिलो रहेको कुरा बताइन्छ। त्यसबेला पनि अतिवृष्टी भएको बेला खोलाको मात्रा अत्याधिक बढ्न गई मन्दिर रहेको डाँडा बालुवा माटोबाट बनेको हुँदा ठूलो भाग पानीले बगाई लगेपछि मन्दिर रहेको भाग समेत पहिरो गएर बगाएको थियो। श्री योगाम्बर ज्ञानेश्वरी स्थापना भैरहेको स्थानमा मन्दिरको ढुङ्गा निकै लामो जरा जस्तो जमीनमा धसिरहेको अवस्थामा श्रद्धालु भक्त वासुदेव लगायत सम्पूर्ण पूजाआजा गर्ने र गुठी स्थापना गरी जात्रा समेत गर्ने व्यवस्था गरिएको हुनाले हाल म्हयपि जात्रा गुठीलाई "वासुदेव दत्त गुठी" पनि भन्ने चलन छ।

### ख) स्वयं प्रकट मायादेवी

करिब सत्तरी वर्ष पहिला मन्दिरभित्र जाने मूलद्वारको दायाँपट्टि ढलोटको ठूलो घण्टा रहेको स्थानमुनि एक वेली फूलको वोटको लहरा आएको थियो भने २००२ सालतिर वेली फूल र मन्दिरभित्र जाने मूलद्वारको दाहिने भागमा रहेको सिंहको वीच भागको पेटिमा राखिएको एक ढुङ्गाका अचानक पाप्रा निस्केको थियो। उक्त ढुङ्गाको भित्री भागमा हेर्दा अस्पष्ट रहेको मूर्ति जस्तो तर कुनै आकृति नभएको एक प्रकारको शिला मूर्ति देखिन आएपछि मूल पुरोहित स्व. पं. देवरत्न वज्राचार्यले विभिन्न व्यक्ति, ध्यानी, योगी तथा सम्बन्धित् विशेषज्ञहरूलाई बोलाई यस अदृश्य मूर्ति ढुङ्गाबारे विभिन्न तरिकाले अनुसन्धान गरी ३-४ वर्षसम्म हेर्दा ४ वर्षको बीचमा शरीर तथा हातखुट्टाहरू समेत प्रष्टिदै आएपछि यो मूर्ति के हो ? भन्ने बारे जान्नलाई ठूला लामा भिक्षु वज्राचार्य गुरुहरू त्यसैगरी योगी नरहरिनाथ सहितको एउटा टोलीले विविध पक्षवाट अनुसन्धान गरिएको थियो र सबैको निस्कर्ष एकै किसिमका आए अनुसार यो स्वयं प्रकट मूर्ति श्री आर्यावलोकितेश्वर रातो मच्छिन्द्रनाथको आमा यक्षराज शशिको पत्नि माया नै हुन सक्ने भनी ठोकुवा गरी उक्त मूर्तिको नाम मायादेवी भनी राखिएको थियो। त्यस मूर्तिको संरक्षण गर्न २००६ सालमा पूजारी देवरत्न वज्रचार्यले मन्दिरको पश्चिमपट्टिको पर्खालमा लगेर राखिदिनु भएको थियो। त्यस कार्यका लागि गर्न आवश्यक पर्ने सबै खर्च ठँहिटी निवासी रत्न बहादुर मानन्धरले गरिदिनु भएको थियो। त्यसपछि मूल पुरोहित देवरत्न वज्राचार्यको अनुरोधमा सामाखुसी निवासी भक्त भक्तिलाल प्रधानले २०२६ सालमा आफूसँग रहेको ढुङ्गामा वुट्टा कुँदिएको ढुङ्गाको फ्रेम ल्याएर उक्त फ्रेमको माझमा राखी मन्दिरको स्वरूप दिनुभएको थियो।

२०५८ सालमा यस म्हयपि मन्दिरको पश्चिमपट्टिको पट्टिको सम्पूर्ण भाग पूर्ण रूपमा नै पहिरो जाँदा समेत यस मन्दिर भने वाँकी रहन गएको र मन्दिरदेखि अगाडि भाग केही नभएको समेत सम्झना गर्नु पर्ने हुन आएको छ। पहिरो गएर पश्चात स्व. दाता भक्तिलाल प्रधानका आफन्तहरूले हाल यस मन्दिर रहेको स्थितिसम्म ल्याउन पूर्ण सहयोग गरिदिनु भएको हो।

## ग) पौराणिक कुवा

यस मन्दिरमा दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरूको निमित्त र यस क्षेत्रका वासिन्दाहरूको दैनिक उपभोग गर्नका लागि म्हय्पि मन्दिरको दक्षिण पूर्वतर्फ वन सीमानामा रहेको पौराणिक कुवाको मर्मत अर्थात् जिर्णोद्धार आजभन्दा ८५ वर्ष पहिला इटुम्वहाल निवासी दाताहरूद्वारा जिर्णोद्धार गरेको मिति शिलापत्रवाट देखिन आएको छ।

यस म्हयपी क्षेत्र निवासीहरूको भनाई अनुसार यस कुवामा ५ वटा टाउको भएको नाग थियो। यसलाई गरुडले समातेर लगेको बेला म्य्येपीका ठूलाठूला ४-५ वटा रुखहरू ढलेका थिए। नागले रुखमा वेरी आफ्नो सुरक्षा गरेको हुनाले रुखहरू सबै ढलेको थियो। यहाँवाट गएर पकनाजोल सल्लाघारीको सल्लाको रुखहरू समेत ढलेको भन्ने भनाई छ। त्यसैवेलादेखि ५ वटा टाउको भएको नाग नभएको भन्ने भनाई भएपनि वेलावेलामा यस कुवाभित्र २/३ वटा टाउको हुने नागहरू कुवाभित्र वसीरहने गरेको स्वयंम् लेखक आफैले समेत देखेको स्मरण लायक छ।

२०२० सालदेखि २०२५ सालसम्म पनि यस म्हय्पि क्षेत्र वरिपरिका कतिपय व्यक्तिहरू यसै कुवाको पानी पिउनका लागि लिन आउने गर्थे। त्यसभन्दा पछि आ-आफ्नै घर घरमा कुवा खन्ने चलन आएपछि यो कुवा त्यति चालु नभए पनि कुवाको पानी वाहिर निरन्तर वगिरहनाले पानी अति निर्मल र स्वच्छ थियो। यो पानीको प्रयोग कम हुँदै गएपछि कुवामा झारपातहरू उम्रन थाले र जथाभावी फोहरहरू समेत फाल्ने भएपछि पूजारी विकासरत्न वज्राचार्य आफैले समेत २-३ चोटि कुवा सफा गरेका थिए, तर प्रयोग नभएपछि त्यसै फोहरहरू जम्मा भएर जीर्ण भएर बसेको कुवालाई म्हय्पि टोलवासीहरूको सहयोगमा म्हय्पि टोल समाजको सक्रियतामा २०६० सालमा आएर पहिला ऐतिहासिक कुवा रहेको स्थानमा खनेर ५ फुटको सिमेन्टको चक्काहरू २२ फिट मुनिसम्म राखी पुरानो पानीको ठूलो मुहान फेला परेपछि खन्न नसकी त्यसैलाई छोपी राखेको अवस्थामा म्हय्पि व्यवस्थापन समितिले म्हय्पित्वाः गुठीसँग छलफल गरी उक्त कुवाको माथि ठूलो ५००० लिटरको पानी ट्याङ्कीमा राखी प्रयोग गरिएको छ।

लगभग १०० वर्ष अगाडिसम्म पनि यस कुवाको दाहिनेतर्फ एउटा पक्की पाटी थियो। त्यस पाटीमा सर्वसाधारणहरू बास बस्ने गर्दथे। पछि आएर मर्मतको अभावले गर्दा सो पाटी जीर्ण अवस्थामा रहेको छ भने अहिले पनि उक्त पाटीको जगहरू कहीँ कहीँ भेटिन्छ। त्यस स्थानमा साविकै पाटीको निर्माण तथा उक्त पौराणिक कुवाको संरक्षण गरी राख्न पर्ने नितान्त आवश्यक देखिन आउँछ।

## पद्मप्रीति धारा

यस मन्दिरका मूल पुरोहित स्व. पं. देवरत्न वज्राचार्यले आफ्नै तर्फवाट वि.सं. १९९७ सालमा नित्य पूजा शुरु गरेपछि नित्य पूजा गर्न दैनिक चोखो पानीका लागि पूजारी आफैले २००२ सालमा विन्ति पत्र लेखी श्री ३ पद्मसम्शेर ज.व.रा. समक्ष पेश गरी शनिबार पूजाको प्रसाद लिएर पद्मसम्शेर ज.ब.रा. को निवासमा नियमित जान थालेका थिए प्रधानमन्त्री पद्मसम्शेर ज.ब.रा. ले प्रसाद लिएर गएको पूजारीले निवेदन गरे अनुसारको म्हय्पि मन्दिरसम्म धारा जडान गरी दिन तोक लगाई दिएपछि खानेपानी संस्थाद्वारा विष्णुमती पुलको छेउमा रहेको १६ इन्चको सीधा पाइपबाट होल गरी नानक मठ हुँदै म्हय्पि मन्दिरसम्म पाइप लगाई धारा राखी दिएको हुनाले उक्त धारामा राखिएको शिलापत्रमा पद्मसम्सेर ज.ब.रा.को नाम हुने गरी धाराको नामै "पद्मप्रीति धारा" भनी उल्लेख गरी पूजारी देवरत्न वज्राचार्य भनी शिलापत्रमा उल्लेख गरिराखेको पाइन्छ। उक्त कार्य तोक आदेश भएको ६ महिनाभित्र सम्पन्न गरिएको थियो। २००२ सालमा बिन्तिपत्र पेश भइ २००३ सालमा कार्य सम्पन्न गरिएको देखिन आउँछ। उक्त कार्य सम्पन्न गर्न जम्मा ६ महिना मात्र लागेको थियो। उक्त धारा जडान कार्य गर्न तत्कालीन जलश्रोत मन्त्रीले मिस्त्रीहरू उपलव्ध गराईदिएतापनि पाइप ओसार्ने र खनपुर गर्ने सम्पूर्ण कामहरू सबै टोलटोलबाट श्रमदान गर्ने र स्थानीय किसानहरूको समूहहरू र मंकाखल जस्तो संस्था आएर काम सम्पन्न गरेका थिए।

यस म्हय्पि मन्दिरमा श्री ३ महाराज पद्म सम्सेर जङ्ग बहादुर राणाको निगाहले वि.सं. २००३ सालमा नै धारा तयार भयो त्यहाँ धारामा आउने पानी राख्ने ट्याङ्कीको अभाव भएपछि करिव १ मुरी पानी अटाउने माटोको घ्याम्पो २ जना श्रद्धालु भक्तजनले राखिखिएका थिए। त्यसै समयमा पानी हाल्नलाई भनेर ईंटाको बज्रले वनाएको अन्दाजी ३/४ लिटर पानी अटाउने सानो ट्याङ्कीको निर्माण गरिएको थियो। त्यो सानो ट्याङ्कीले २ दशकभन्दा वढी काम दिएको थियो तर पुरानो भएपछि मर्मत पनि गर्न नमिल्ने पानी सबै चुहेर मात्र जान थालेपछि तत्कालीन पूजारी देवरत्न वज्राचार्यले ठँहिटी क्वाबहाल निवासी दुर्गाभक्त जोशी कहाँ आफ्नो पूजाको काम विशेषमा जाँदा म्हय्पिमा पानी

ट्याङकी चुहिने भएकोले सर्वसाधारणलाई पानीको केही दुःख भएको सुनाएपछि एउटा पानी ट्याङ्की वि.सं. २०२८ सालमा आधुनिक तवरले ढलान गरी राम्रो पानी ट्याङ्की निर्माण गरिएका थिए ।

समय परिस्थितिले उक्त पानी ट्याङकीले नपुग भएको महसुस गरी म्हयपि मन्दिरमा आउने भक्तजनहरूबाट चन्दा उठाएर त्यही ट्याङ्कीमा जोडेर अर्को एउटा त्यस्तै ट्याङकी ढलान गरी बनाएर पानीको क्षमता बृद्धि गरिएको थियो ।

पद्मप्रीति धाराबाट २००३ सालदेखि २०५५ सालसम्म अटुट पानी आईरहेकोमा विभिन्न कारणबाट उक्त धाराबाट पानी आउने क्रम घट्दै गएपछि म्हयपि मन्दिरमा खानेपानीको हाहाकार नै हुन थाल्यो । यसप्रकार पानीको हाहाकारलाई न्यूनिकरण गर्न म्हयपि मन्दिरको सदैव राम्रो होस् भन्ने भावना भएका श्रद्धालु भक्त नयाँ बजार निवासी श्री गोपालमान श्रेष्ठले मन्दिरको ट्याङकीमा पानी आपूर्ति गर्न मन्दिर मुनि एक ठूलो २ गाडी पानी अटाउने जमीनभित्र ढलान गरी ट्याङकी निर्माण गरिदिए पछि अहिले म्हयपिमा खानेपानीको समस्या समाधान हुन गएको छ । उक्त ट्याङकीमा पानी तान्ने र ट्याङकीबाट पानी मन्दिरमाथि फाल्ने पम्पहरूको समेत व्यवस्था गर्नुका साथै पानी नआउने बेलामा आफैले ट्याङ्करबाट पानी ल्याई राखिदिने समेत गरिदिएको देखिन्छ ।

### घ) म्हयपि मन्दिरमा बिजुली बत्ती

त्यसताका म्हयपि मन्दिरमा दैनिक सेवाभक्ति गर्नेहरू पनि कम थिएनन् । असन, इन्द्रचोक, ठँहिटीका व्यक्तिहरूको आफ्नै एक प्रकारको होडबाजी चल्ने गर्दथ्यो । त्यसबेला मन्दिरमा सबभन्दा पहिला आउने व्यक्ति को थियो भन्ने बाजी नै चल्ने गर्दथ्यो । त्यस मध्ये काठमाडौंको ढोकाबहालदेखि दैनिक नित्य पूजा गर्न आउने पूजारी देवरत्न बज्राचार्य पनि एक व्यक्ति थिए । जति सकिन्छ त्यति छिटो उठेर म्हयपि जाने उहाँहरूको दिनचर्या नै भइसकेको थियो । म्हयपि मन्दिरमा कुनै प्रकारको बत्तीहरू नभएको हुनाले चाँडै आउने व्यक्तिले मन्दिरमा आगो बाली बस्ने चलन थियो । यसप्रकारको कार्यमा समेत सक्रिय हुँदै आएका पूजारी देवरत्न बज्राचार्य नित्य पूजा सकी पूजाको प्रसाद आफन्त तथा चिनजानका ठूलो व्यक्ति तथा नेताहरूलाई समेत पुऱ्याउने गर्दथे । त्यसै क्रममा म्हयपिबाट फर्किने बाटो मध्ये पूजारीको फर्किने बाटोमा साल घुम्ती, चाक्सीबारी, क्वाबहाल हुँदै फर्किने क्रममा २००८ सालमा प्रजातन्त्रपछि बनेको मन्त्री मण्डलमा उद्योग वाणिज्य मन्त्री बनेका स्व. गणेशमान सिंह बाटोमा भेट भएपछि आफैले दैनिक नित्य पूजा गरी आएको म्हयपि मन्दिरमा बिजुली बत्ती नभएको बताएपछि बिजुली बत्ती जोडिदिन पूजारी देवरत्न वज्राचार्यले आग्रह गरेका थिए । तत्काल निवेदनमा तोक लगाई बत्ती जडान गर्न निर्देशन दिएपछि बिजुली अड्डाबाट २ महिनाभित्र ४० वर्षसम्म सम्पूर्ण मर्मत सम्भार समेत बिजुली अड्डाबाटै हुँदै आएको थियो ।

हाल आएर उक्त बत्तीको मिटर जडान गरी दिएर समय समयमा मिटरको रकम भुक्तानी गर्ने सम्बन्धमा बाधा अवरोधहरू उत्पन्न भई बत्तीको लाइन समेत काट्ने जस्तो कार्यहरू भइरहेको हुँदा यस सम्बन्धी दीर्घकालीन सोच राख्नु जरुरी देखिएको छ ।

### ङ) भजन घर रहेको पाटीको निर्माण

म्हयपिस्थित श्री योगाम्बर ज्ञानेश्वरी मन्दिरको पश्चिममतिर शिलापत्र नमेटिएको अन्दाजी १९७०-८० सालतिर बनाई राखेको नेपाली शैलीमा निर्माण गरिराखेको २ तल्ला भएका ३ कवल झिंगटिको छाना भएको पाटी मर्मतको अभावले गर्दा प्रायः जीर्ण भएको अवस्थामा थियो । उक्त पाटीलाई जीर्णोद्धार गर्न पाए हुन्थ्यो भन्ने जिज्ञासा लिएर दैनिक सल्लाह भइरहने एक थरिका उपासक भक्तजनहरू थिए । नयाँ बजार निवासी श्री सानुकाजी स्थापित (सानु साहु), गोपीलाल श्रेष्ठ, बद्रिनारायण मानन्धर, नारायण दास श्रेष्ठ तथा पकनाजोल निवासी श्याम के.सी. दैनिक विहान म्हयपि आउने गर्दथे । यसै क्रममा मन्दिरको पश्चिमपट्टि रहेको पुरानो पाटीलाई भत्काई सोही ईंटाले माटोको जोरादमा अर्को नयाँ पाटी बनाउने सोच वि.सं. २०२० सालमा सानु साहुको घर अगाडि र गोपीलाल साहुको घरसँगै जोडिएको घर हुने त्यस ताका सर्वेयर इन्जिनियर पास गरी आएका राम बहादुर मानन्धरलाई म्हयपिमा बोलाएर आफूहरूको योजना सम्बन्धी सबै कुराहरू उनले आफ्नो कार्यदल सहित तत्कालीन मुख्य अञ्चलाधिश विष्णुमणि आचार्यकोमा गएर म्हयपिको निर्माण सम्बन्धी सहयोग माग गरेपछि उक्त पाटी बनाउन आवश्यक सामानहरू प्राप्त भएपश्चात् धमाधम कामहरू शुरु भएको थियो । ठाउँ ठाउँबाट मंका खलःहरू तथा निःशुल्क सहयोग गर्नेहरूको पूर्ण सहयोगबाट उक्त कार्य सफलतापूर्वक वि.सं. २०२१-२२ सालमा सम्पन्न भएको थियो ।

उपरोक्त पाटी निर्माण सम्पन्न भइसकेपछि सो स्थानमा वसी भजन गर्ने सल्लाह भई भजनका विभिन्न सामानहरू विभिन्न दाताहरूबाट प्राप्त गरी वि.सं. २०२३ सालदेखि दैनिक भजन गर्ने कार्य शुरु भयो । भजन गर्ने किताव पूजारी देवरत्न वज्राचार्यले नेपाली कागजमा नेवारी शैलीमा पूर्ण रूपमा आफैले लेखी प्रदान गरेका थिए ।

दैनिक भजन गर्न आउने व्यक्तिहरू प्रायजसो नयाँवजार, वहटि, पकनाजोल सामाखुसी आदि ठाउँबाट आउने गरेपछि लेखक आफै पनि सानो छँदादेखि जहाँ भजन भएतापनि अटुट रूपमा जाने गर्दै आएका थिए । दैनिक भजनमा त कहिलेकाहीं पञ्चभजन गर्ने काम नै आफ्नो हुन आउँथ्यो ।

### च) मन्दिर पूर्व र दक्षिणतर्फको सिंढी

म्हय्पि मन्दिर पश्चिमतर्फ रहेको पुरानो पाटीको स्थानमा नयाँ पाटी निर्माणपछि म्हय्पिको अर्को पक्ष थियो - वर्षेनी म्हय्पिको वार्षिक खट जात्रामा खट लान ल्याउन साह्रै अप्ठ्यारो जङ्गलको वाटोलाई सम्भार गर्नु । श्याम के.सी. र सानुकाजी स्थापित लगायत यस कामको लागि सर्भे इन्जिनियर राम वहादुर मानन्धरलाई ल्याएर मन्दिर आउने पूर्वतर्फको खट जात्रा गरी ल्याउनु पर्ने अप्ठ्यारो वाटो राम्रो सजिलो हुने गरी वनाउन, वुढावुढीहरूलाई समेत मन्दिर आउन सजिलो हुने गरी वाटो वनाउन कहाँ कहाँ सहयोग माग्न जाने भन्ने कुरा भएपछि तत्कालीन पूजारी देवरत्न वज्राचार्यको सल्लाह अनुसार म्हय्पि गुठीका गुठियार श्री दुर्गादास श्रेष्ठ र वागवहादुर श्रेष्ठले दरवार भत्काएर ल्याएको सिंढीको ठूलाठूला राम्रा ढुङ्गाहरू थिए । खट जात्रा गरी ल्याउने वाटो राम्रो वनाउने आफ्नो योजनाहरू सवै वताएपछि वागवहादुर श्रेष्ठ र दुर्गादास श्रेष्ठले ढुङ्गा दिने तर त्यसको लागत मात्र भए पनि रकम लिने कुरा गरेपछि श्याम के.सी. तथा सानु साहुले पाटी वनाएर वाँकी रहेको केही रकम दिएका थिए । अरु रकम दिन नसकेपछि साहुद्वय वागवहादुर तथा दुर्गादास श्रेष्ठले लिएको रकम फिर्ता गरी उक्त सवै ढुङ्गाहरू दुवैजनाको तर्फवाट पुरै चन्दा स्वरुप दिएका थिए । उक्त ढुङ्गा ल्याउनलाई धेरै ठाउँका किसान दाजुभाइहरूले सहयोग गरेका थिए । आफैले खाजा ख्वाएर मंका खलहरू प्रशस्त आई दिएको हुनाले उक्त काम निकै सजिलो तरिकाले सम्पन्न भएको थियो ।

### छ) मन्दिरको पूर्वतर्फ रहेको गुम्बा निर्माण

यस मन्दिरमा रहेको गुम्वा निर्माण भन्दा पहिला यहाँ के थियो र यो वनाउन कसरी आवश्यक भयो भन्ने सन्दर्भमा हाल यो गुम्वा रहेको स्थानमा पहिला शिलालेखवाट देखिन आए अनुसार आजभन्दा १२५ वर्ष पहिला मिति १९४० सालमा काठमाडौं निवासी दाताहरूवाट २५ फिट लम्वाई, १२ फिट चौडाई २ तल्ला रहेको नेपाली शैलीको ४ पाखें भिंगटी छाना भएको तल्लो तल्ला ३ कवल खल्ला पाटी र भ्याङ समेतको राम्रो टेलीमा ईंटाले जोडेको सुन्दर पाटी र सोही पाटीको कोहिटी राखिएको सुन्दर पत्थरको सरस्वतीको मूर्ति समेत स्थापना गरिएको थियो । उक्त पाटीको जीर्णोद्वार गर्न आवश्यक अवस्थाहरू पनि नभएका होइनन् । दाताको वंशजहरूले १५-२० वर्ष अगाडिसम्म पनि म्हय्पि जात्राको २ दिन अगाडि आएर मन्दिरको पर्खालमा चुना लिपपोत गरी जाने गर्थे । उक्त पाटी मर्मतको अभावमा जीर्ण अवस्थामा रहेको पार्टीलाई भत्काई खम्वाहरू पछाडितिर राखी उक्त स्थानमा २०३० सालमा नयाँ गुम्वाको स्थापना गएको थियो ।

## निष्कर्षः

नेपाल सरकारको विभिन्न निकायवाट समय समयमा प्राप्त सहयोगहरू र काठमाडौं महानगरपालिकावाट समेत प्राप्त भइरहने सहयोग सम्पूर्ण श्रद्धालु भक्तजनहरूको सहयोगवाट यस म्हय्पि क्षेत्रको विकास सुधार हुने कामहरू विस्तारै भइरहेको हामी पाउछौं ।

हाल म्हय्पिको क्षेत्रलाई संरक्षण संवर्द्धन गर्न धेरै संघसंस्थाहरू लागि परे पनि यस्तो ऐतिहासिक माटो लिने स्थानको संरक्षण र सुधार गर्ने कार्यहरू कुनै संघसंस्थाहरूले गरेको देखिदैन । यसप्रकारको ऐतिहासिक महत्वपूर्ण स्थानलाई समय सापेक्ष हुने गरी प्राविधिकहरूको सल्लाह सुझाव लिएर संरक्षण गर्नु पर्ने नितान्त आवश्यक देखिन्छ ।

शुभम् ।